# स्थानीय राजपत्र

## बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग १, संख्या ३, मिति २०८० श्रावण ३० गते


### भाग-१
### बौदीकाली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय,
### डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौंदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८०**

**प्रस्तावना :**

जनस्रोतको प्रचुर सम्भावना र सम्भाव्यतालाई हृदयङ्गम गरी यस गाँउपालिका भित्र रहेका जति उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न तथा जलस्रोतको लाभको उपयोग एवम् सन्चालनका निम्ति आवश्यक नीति तथा कानुन बनाउन विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजनाको सर्वेक्षणको तथा उत्पादनको अनुमति जारी गर्ने, संशोधन तथा खारेज गर्ने काम कारवाहीलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड मा व्यवस्था भए बमोजिम “बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८०” जारी गरिएको छ । नेपालको

संविधानको धारा २२२ बमोजिम गठित बौदीकाली गाउँसभाले धारा २२६ (१) ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाएको छ ।

**परिच्छेद १**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम "बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८०" रहेको छ ।

२. यो ऐन गाउँसभाबाट पारित भएको मिति देखि लागू हुने छ ।

**२. परिभाषाः**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क. "जलस्रोत भन्नाले" बौदीकाली गाउँपालिका भित्रको भू-सतहमा, भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

ख. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिकालाई जनाउँछ ।

ग. "कार्यालय" भन्नाले बौदीकाली गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ र सो शब्दले वडा कार्यालय समेत जनाउँछ ।

घ. "कार्यपालिका" भन्नाले बौदीकाली गाउँ कार्यपालिकालाई जनाउँछ ।

ङ. "अध्यक्ष" भन्नाले बौदीकाली गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

च. "उपाध्यक्ष" भन्नाले बौदीकाली गाउँपालिकाको उपाध्यक्षलाई जनाउँदछ ।

छ. "वडा अध्यक्ष" भन्नाले बौदीकाली गाउँपालिका भित्र रहेका वडाका वडा अध्यक्षलाई जनाउँछ।

ज. "वडा सदस्य" भन्नाले बौदीकाली गाउँपालिका भित्र रहेका वडाका वडा सदस्यहरुलाई जनाउँछ ।

झ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ञ. "वडा सचिव" भन्नाले गाउँपालिका भित्र रहेका वडाका वडा सचिवलाई जनाउँछ ।

ट. "साना जलविद्युत" भन्नाले १००० कि.वा. सम्मको क्षमताका आयोजनाको उत्पादन तथा वितरणलाई जनाउँछ ।

ठ. "मुहान" भन्नाले बौदीकाली गाउँपालिका भित्र रहेका पानी उम्रने मूलका स्रोतलाई जनाउँछ ।

ड. "सर्वेक्षण अनुमति पत्र" भन्नाले विद्युत उत्पादन गर्न पूर्व त्यस परियोजनाको अध्ययन, अनुसन्धानका लागि दिइने स्वीकृति पत्र भन्ने जनाउँछ ।

ढ. "अनुमति पत्र" भन्नाले जलस्रोत उपयोग तथा जल विद्युत उत्पादन गर्न दिने स्वीकृति भन्ने जनाउँछ ।

ण. "संशोधन" भन्नाले समय समयमा आवश्यकता अनुसार गाउँ सभाले ऐन, नियमलाई संशोधन गरिने भन्ने जनाउछ ।

त. "आयोजना स्थल" भन्नाले विद्युत उत्पादन गर्ने र वितरण गर्ने स्थल, खानेपानी सग सम्बन्धित उद्योग, उपभोक्ता संस्थाले उपयोगको निम्ति तयार पार्ने संरचना र जलस्रोत व्यवसायसंग सम्बन्धित आयोजनको संचालन स्थल भन्ने जनाउँछ ।

थ. "प्रबन्धक" भन्नाले अनुमति प्राप्त गरेको व्यक्ति वा संस्थालाई जनाउँछ ।

द. "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार आदि कार्य गर्नका लागि गरिने लिखित करारनामा वा कबुलियतनामाको लिखतलाई जनाउँछ ।

ध. "लाभदायक उपभोग" भन्नाले उपलब्ध स्रोत र साधनले भ्याए सम्म उचित रुपले जलस्रोतको उपभोग सम्झनु पर्छ ।

न. "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपभोग गर्ने दफा १० बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

प. "उपभोक्ता संस्था" भन्नाले दफा ७ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ ।

फ. "उद्योग" भन्नाले जलस्रोत वा जलस्रोत संग सम्बन्धित प्रशोधित वा अप्रशोधित उद्योग, व्यवसायलाई सम्झनु पर्छ ।

ब. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड वा सम्बन्धित विषयमा प्रचलित कानुन तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## जलस्रोत उपयोग सम्बन्धी व्यवस्था

**३. जल स्रोत उपयोगः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोत को उपयोग तथा जलस्रोतबाट आयआर्जन हुने पेशा, व्यवसाय वा उद्योग संचालन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन :-

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेतु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि ढुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्ने छ ।

**४. जल उपयोग समितिको गठन** : (१) यस गाउँपालिकाले देहाय बमोजिमको जल उपयोग समिति गठन गर्न सकिनेछ ।

| | |
|---|---|
| १. गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| २. आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| ३. पूर्वाधार विकास समितिको संयोजक | - सदस्य |
| ४. गाउँपालिकाको इन्जिनीयर | - सदस्य |
| ५. गाउँपालिकाको अध्यक्षबाट मनोनित जलस्रोत विज्ञ २ जना | - सदस्य |
| ६. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

(२) सम्बन्धित वडाको वडा अध्यक्ष आमन्त्रित सदस्यको रूपमा रहनेछ ।

**५. जल उपयोग समितिको काम, कर्तव्य र अधिकार** : (१) बौदीकाली गाउँपालिका क्षेत्र भित्रको जलस्रोत सम्बन्धी व्यवस्था गर्न जल उपयोग समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुने छ ।

(क) गाउँपालिका क्षेत्र भित्र रहेको नदी, खोला, पानीको मुहान, तालतलैया, पोखरीहरुको पहिचान तथा संरक्षण,

(ख) गाउँपालिका क्षेत्र भित्रको सबै प्रकारको जलस्रोतलाई संरक्षण, संबर्द्धन नियमन गर्ने र त्यसबाट हुने प्राकृतिक प्रकोप सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतमा आधारित उद्योग, व्यवसाय संचालनको अनुमति सिफारिस गर्ने ।

(घ) गाउँपालिका क्षेत्रभित्र संचालित जलस्रोतसंग सम्बन्धित उद्योग, कालकारखाना वा व्यवसाय संचालन अनुमति प्राप्त गर्दा भएका सहमतिका शर्तहरु पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(ङ) जलस्रोतको न्यायोचित उपयोग तथा वितरण भए नभएको अनुगमन गर्ने,

(च) जलश्रोतमा आधारित साना, मझौला तथा ठूला आयोजनाका प्राभावित स्थलका वासिन्दाहरुले आयोजनाबाट पाउनु पर्ने सेवा सुविधाहरु प्राप्तिमा सुनिश्चितता प्रदान गर्न आवश्यक पहल गर्ने,

(छ) एक मेगाबाट भन्दा तलको जलविद्युत उत्पादनको अनुमति दिने र अनुमति खारेज गर्ने सम्बन्धी सिफारिस गर्ने

(ज) जनश्रोतमा आधारित ठूला परियोजनाहरुका लागि परियोजना अध्ययन, अनुसन्धान, निर्माण, सञ्चालन गर्नका लागि संघ र प्रदेशसँग संविधानको धारा २२१(२) बमोजिम समन्वय र सहकार्यका लागि आवश्यक राय पेश गर्ने,

(झ) जलश्रोतमा आधारित उद्योग, व्यवसाय, र परियोजना सञ्चालन गर्दा प्रयोग हुने स्थानीय श्रोत साधनहरु जस्तै, खानीजन्य ढुंगा, गिट्टी, बालुवा, माटो, तथा वनपैदावार प्रयोग गरे वापत नियमानुसार प्राप्त हुने रोयल्टी निर्धारणको सिफारिस गर्ने,

(ञ) परियोजनाको प्रभावित क्षेत्रभित्र सम्बन्धित सरोकारवालासँग उत्पन्न हुने विवादहरुको समाधान गर्न आवश्यक पहल गर्ने,

(ट) जलस्रोत सर्वेक्षण तथा उद्योगको लागि प्राप्त निवेदन उपर छलफल गरी राय पेश गर्ने,

६. **स्थानीय स्तरमा जलश्रोत सरोकार समितिको गठन** : (१) गाउँपालिका क्षेत्र भित्र जलस्रोतमा आधारित परियोजनाहरुबाट अति प्रभावित, प्रत्यक्ष प्रभावित र दीर्घकालीन प्रभावितको सम्बन्धमा प्रत्यक्ष प्रभावित सरोकारवाला वासिन्दाको हकहित स्थापित गराउन बौदीकाली गाउँपालिका जल उपयोग समितिको रोहबरमा देहाय बमोजिमको सरोकार समितिको गठन गर्न सक्ने छ ।

१. प्रभावित वडाका वडा अध्यक्षहरु मध्येबाट सरोकारवालाको भेलाले चयन गरेको - संयोजक
२. प्रभावित वडाका वडा अध्यक्ष र वडा सदस्यहरु सबै - सदस्य
३. स्थानीय टोल विकास संस्थाका अध्यक्षहरु मध्येवाट १ जना - सदस्य
४. स्थानीय युवाक्लवका अध्यक्षहरु मध्येबाट १ जना - सदस्य
५. राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका स्थानीय स्तरका एक एक जना प्रतिनिधिहरु - आमन्त्रित सदस्य

(२) स्थानीय स्तरमा गठित जलस्रोत सरोकार समितिको काम, कर्तव्य र अधिकार :

१. सरोकारवालाहरुको भेला गराई परियोजना सञ्चालकहरुबाट परियोजनाको बारेमा स्पष्ट जानकारी लिने,
२. परियोजनाबाट स्थानीय स्तरमा प्रभावहरुको मूल्याङ्कन गरी त्यसबाट हुने क्षतिपूर्तिको निर्धारण गरी सिफारिस गर्ने,
३. संचालक र सरोकारवालाको सहमतिमा चलन चल्तीको मूल्याङ्कनका आधारमा मुआब्जा निर्धारण गरी सिफारिस गर्ने,
४. परियोजना सञ्चालक र सरोकारवालाहरु बिचमा समन्वय र समझदारी कायम गराउन मध्यस्थकर्ता वा मेलमिलाप कर्ताको भूमिका निर्वाह गर्ने,
५. परियोजनाको अवधिभर त्यस क्षेत्रको शान्ति सुरक्षा र सामाजिक वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन परियोजना सञ्चालकहरुलाई सचेत गराउने,
६. प्रभावित क्षेत्रमा सडक, शिक्षा, स्वास्थ्य, सिचाई, खानेपानी, वातावरण संरक्षण र रोजगारीको लागि परियोजना सञ्चालनहरु संग आवश्यक पहल गरी सहमति गर्ने तथा कार्यान्वयका लागि गाउँपालिकामा सिफारिस गर्ने,
७. समितिका सदस्यहरुले परियोजनासंग अनुचित लाभ लिने/दिने कार्य गरेको सम्बन्धमा छानविन गरी आवश्यक कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्ने,
८. परियोजनासँग भएको सहमतिका विषयमा गाउँपालिकामा जानकारी गराउने र सो सम्बन्धमा गाउँपालिकाको निर्णय र प्राप्त निर्देशनको पालना तथा कार्यान्वयन गर्ने गराउने,

**७. जल उपभोक्ता संस्थाको गठन** : (१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँपालिकामा तोकिए बमोजिम दर्ता गराउनु पर्ने छ ।

**८. जल उपभोक्ता संस्था सङ्गठित संस्था हुने** : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुने छ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुने छ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्ने छ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने छ ।

**९. जलस्रोत उपयोगको प्राथमिकताक्रम** : (१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्ने छ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिचाइ

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ३ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुने छ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुने छ ।

## परिच्छेद ३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१०. **अनुमतिपत्रको व्यवस्था :** (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई गाउँपालिकामा अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने छ । तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

२. उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा एकसय बीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा ( १) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्ने छ ।

३. दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग (३) गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र गाउँपालिका समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने छ ।

४. उपदफा (३) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्ने छ ।

५. अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्ने छ ।

६. अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकाबाट तोकिएबमोजिम स्वीकृति लिनुपर्ने छ ।

## परिच्छेद ४

## जलविद्युत उत्पादन सम्बन्धी व्यवस्था

११. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड (घ) मा व्यवस्था भए बमोजिम १ मेगावटसम्मको विद्युत उत्पादनको सर्वेक्षण र उत्पादनको अनुमतिपत्रको स्वीकृति गाउँपालिकाले दिन सक्ने छ ।

**१२. एक मेगावट जलविद्युत उत्पादन सम्बन्धी व्यवस्था :** (१) बौदीकाली गाउँपालिका भित्र एक मेगावाट सम्मको जलविद्युत उत्पादकले प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुलाई दिइनुपर्ने सेवा सुविधा नदिएमा गाउँपालिकाले अनुमति पत्र खारेजी गर्न सक्ने छ ।

(२) परियोजना सञ्चालन गर्दा आयोजना लागतको ३ (तिन) प्रतिशत रकम प्रभावित क्षेत्रको सामाजिक उत्तरदायित्व अन्तर्गत सडक, शिक्षा, स्वास्थ्य, सिचाई, खानेपानी पर्यावरण र सामुदायिक हितको लागि खर्च गर्नु पर्ने छ ।

(३) आयोजना सञ्चालन गर्दा प्रभावित क्षेत्रको वासिन्दालाई पहिलो प्राथमिकतामा राखेर उनीहरुको सीप क्षमता र योग्यता अनुसारको रोजगार दिनु पर्ने छ ।

(४) आयोजना शुरु हुनु भन्दा अगाडि प्रभावित क्षेत्रको सरोकारवाला वासिन्दासँग सार्वजनिक सुनुवाइ गर्नु पर्ने छ । आयोजना सम्पन्न भएपछि सञ्चालन हुनु पूर्व पनि सरोकारवाला वासिन्दाका बिचमा खुल्ला सार्वजनिक सुनुवाइ गर्नु पर्ने छ ।

(५) आयोजना सञ्चालन हुनु पूर्व नै परियोजनाको भौतिक संरचनाको : बकतभच उबिल सहितको नक्शा गाउँपालिकामा पेश गरी स्वीकृती लिनु पर्ने छ । यदि स्वीकृति नलिई परियोजना सञ्चालन गरिएमा गाउँपालिकाले तत्कालै रोक्न सक्ने छ र सात दिन भित्र नक्शा पेश गर्न आदेश दिन सक्ने छ ।

(६) स्थानीय वासिन्दालाई चाहेको खण्डमा निश्चित प्रतिशत शेयर लग गर्न सुनिश्चित गर्नुपर्ने छ ।

**१३. विद्युत उत्पादन सर्वेक्षण अनुमति सम्बन्धी व्यवस्था :**

(१) एक मेगाबाट सम्मका जलविद्युत आयोजना सम्बन्धि स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने सम्मका अधिकार स्थानीय तहलाई प्राप्त भए बमोजिम एक मेगावाट सम्मका जलविद्युत उत्पादन सर्वेक्षण अनुमति पत्र बौदीकाली गाउँपालिकाबाट जारी गरिने छ ।

(२) विद्युत उत्पादनको अनुमति पत्र दिदा स्थानीयलाई ग्राहघता दिइने छ ।

(३) विद्युत सर्वेक्षण अनुमतिपत्रका लागि प्रतिवर्ष २,५०,०००/- का दरले दुई वर्षको एकमुस्ठ बुझाउनु पर्ने छ ।

(४) सर्वेक्षण अनुमतिका लागि आवश्यक कागजपत्रहरु दरखास्तका साथ पेश भएकोलाई मात्र मान्यता प्रदान गरिने छ ।

(५) विद्युत उत्पादन सर्वेक्षण अनुमति दिदा सम्बन्धित वडा कार्यालय, सरोकार समिति, तथा जल उपयोग व्यवस्था समितिको सिफारिसको आधारमा गाउँपालिकाबाट सर्वेक्षण अनुमति दिइने छ ।

(६) आयोजनाको अध्ययन र अनुसन्धानको अनुमानीत लागत खर्च सहित विद्युत उत्पादनसम्मको हाइड्रो सम्बन्धी परामर्शदाता संस्थाबाट तयार पारेको अध्ययन प्रतिवेदनको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(७) नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलमा नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु रेखाङ्कन गरिएको स्थलगत नक्शा समेत पेश गर्नु पर्नेछ ।

**१४. जल विद्युत आयोजनाको जडित क्षमता निर्धारण गर्ने व्यवस्था :**

(१) सर्वेक्षण अनुमति पत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रबन्धकले उपलब्ध गराएको हाईड्रोलोजीकल टाईम सिरिज डाटाको प्रोव्याविलिटी अफ एक्सीडेन्स (probability of Exceedance) र Q४५ लाई सामान्यतया आधार मानिनेछ ।

(२) प्रबन्धकले पेश गरेको हाईड्रोलोजीकल तथ्यांक र कार्यालयमा उपलब्ध तथ्यांक विच तात्विक रुपमा फरक परेको पाइएमा कार्यालयको तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलश्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी अनुसूची-१ मा निर्दिष्ट गरेको विधि अनुसार क्षमता निर्धारण गर्न गरिनेछ ।

**१५. प्रबन्धकले आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्दा पेश गर्नु पर्ने कागजातहरु :**

(१) दर्तावाल चार्टड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तीमा रु. पच्चिस लाख बराबर सम्पत्ति रहेको विवरण पेश गर्नुपर्ने छ ।

(२) एक पटकमा एक भन्दा बढी आयोजना सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त दिन चाहाने आवेदकले थप आयोजना कार्यान्वयन गर्न सक्ने आधार र प्रति आयोजना थप पचास लाखको दरले अतिरिक्त आर्थिक क्षमताको पुष्टयाई सहित कागजात पेश गर्नु पर्नेछ ।

**१६. प्रबन्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न पेश गर्नु पर्ने कागजातहरु :**

(१) प्रचलित कानुन बमोजिम नेपालमा दर्ता भएको परामर्शदाता संस्थासँगको सम्झौता पत्र, परामर्शदाता संस्थाको प्रमाण पत्र, स्थायी लेखा नम्बरको प्रमाण पत्र एवं प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ । यदि पूरा कागजपत्र पेश नभएमा अनुमति दिन बाध्य हुने छैन ।

**१७. दरखास्त उपर कारवाही सम्बन्धी व्यवस्थाः**

(१) कार्यालयले रीतपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको पहिलो प्राथमिकता दिनेछ ।

(२) आवश्यक कागजात तथा विवरणहरु प्राप्त नभएसम्म त्यस्ता दरखास्त उपर कारवाही अगाडि बढाउने छैन ।

(३) प्रबन्धकको तर्फबाट पेश गर्नुपर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेश भएको १५ दिन भित्र अनुमति-पत्र प्रदान गरिनेछ ।

(४) आयोजना, संचालन गर्ने खोला वा पानीको स्रोत, कुनै वस्तीको खानेपानी र सिचाईमा प्रयोग भईरहेको खण्डमा पहिलो प्राथमिकता खानेपानी र सिंचाई हुने छ । खानेपानी र सिचाईलाई बढी भएको पानीको हकमा भने सर्वेक्षण अनुमति दिन सकिने छ ।

**१८. सर्वेक्षण अनुमती पत्रको अवधिः**

(१) विद्युत उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमति पत्रको अवधि अधिकतम तीन वर्षको हुने छ ।

(२) प्रबन्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमति पत्र जारी गर्दा दुई वर्षको अवधि भन्दा कम हुने गरी जारी गरिने छैन ।

(३) अनुमती पत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त नपरेमा अनुमति पत्र स्वतः रद्द हुने छ । अनुमति पत्र नवीकरण तथा म्याद थपको लागि विवरण पेस गर्ने ढाँचा अनुसूची-२ बमोजिम हुनुपर्ने छ ।

**१९. सर्वेक्षण अनुमति पत्रको नवीकरण सम्बन्धी व्यवस्था :**

(१) नवीकरणको लागि अनुमति पत्रको म्याद कायमै रहँदै रू. ३,००,०००/- तिन लाख दस्तुर सहित निवेदन पेश गर्नु पर्ने छ ।

(२) अनुमती पत्रको लागि दरखास्त दिँदा यस ऐनको अनुसूची २ बमोजिमका फारमहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नुपर्ने छ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नुपर्ने छ ।

(३) अनुमती पत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतीलाई नै मुख्य आधार मानिनेछ । प्रबन्धकले पेश गरेको कार्य प्रगती सन्तोषजनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगती सम्बन्धमा प्रबन्धकबाट थप पुष्ट्याई लिन वा कार्यालयले आफ्ना मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्ने छ ।

(४) आयोजनाको कार्य प्रगती सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमती पत्रको नवीकरण गरिने छैन ।

(५) प्रबन्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एक पटक विद्युत उत्पादन प्रसारण वा वितरणको सर्वेक्षण अनुमती पत्र नविकरण गर्न सकिने छ ।

**२०. विद्युत उत्पादनको अनुमती पत्र र प्रसारण वितरण सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका भित्र विद्युत आयोजनाको निर्माण गर्न चाहने प्रबन्धकले विद्युत उत्पादनको अनुमती पत्र प्राप्त गर्नका लागि सर्वेक्षण अनुमती बहाल रहेको आवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित दरखास्त दिनुपर्ने छ । यदि तोकिएको समय अवधि भित्र दरखास्त नदिए स्वतः खारेज भएको मानिनेछ ।

(क) विद्युत उत्पादनको अनुमती शुल्क रू. ५,००,०००/- (पाँच लाख) लाग्ने छ ।

(ख) ऐनको दफा १५ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी आर्थिक क्षमता वा हैसियतको विवरण अनिर्वाय पेश गर्नु पर्ने छ ।

(ग) परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट घर जग्गाको उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत समेत पेश गर्नु पर्ने छ ।

(घ) आवश्यकतानुसार स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनसाथ पेश भएको हुनु पर्दछ ।

(ङ) कम्पनी र विद्युत प्राधिकरण विच भएको विद्युत खरिद सम्झौता पत्र समेत संलग्न गर्नु पर्दछ । तर ग्रिडमा आबद्ध नगरी ग्रामीण विद्युतीकरण हुने क्षेत्र भए ग्राहकको विवरण पेश गर्नु पर्दछ यस्तो अवस्थामा विद्युत प्राधिकरणसंग कुनै सम्झौता नभए पनि हुन्छ।

(च) अन्य विवरणहरु :

१. आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखांकन तथा co-ordinate सहितको सक्कल टोपी नक्शा,

२. निर्माण कार्यको विस्तृत तालिका,

३. आयोजनाको सम्भाव्यता अध्ययन विस्तृत इन्जिनियरिङ डिजाइन र डिज़ाइन नक्साहरु (Design Drawings) तथा सोको विद्युतीय प्रति (Electronic copy)

(२) वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु देहाय बमोजिम हुने छन् ।

(क) आयोजनामा हुने स्वः पूंजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी विवरण पेश गरेको हुनु पर्दछ ।

(ख) पछिल्लो आ.ब. को लेखा परीक्षण गरिएको वित्तीय विवरण (Audited financial statement) पेश गर्नु पर्दछ ।

(ग) परियोजना आयोजनाको स्वः पूंजी बराबरको कम्पनी नेटवर्थ वा सोही बराबरको शेयर होल्डरहरुको स्वयम् पूँजी लगानी गर्ने क्षमता पुष्टि हुने बैंक इस्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने चार्टड एकाउन्टेन्टबाट प्रमाणित कागजातका साथै बैंक इस्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण अनिर्वाय पेश गर्नु पर्दछ ।

(घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्दछ ।

(ङ) कुनै पनि वित्तीय बैंकहरुबाट लगानी गर्ने ऋण सम्झौताको प्रतिबद्धता पत्र पेश गर्नु पर्ने छ।

(३) प्रबन्धक कम्पनीसंग सम्बन्धित कागजातहरु भएकोलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(४) विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्रमा कायम रहेको जडित क्षमता नै विद्युत उत्पादनको अनुमति पत्रमाकायम गरिनेछ तर Hydrology, Power Evacuation लगायतका कारणले फरक

क्षमताको लागि विद्युत खरिद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता (Connection Agreement) भएको अवस्था संशोधित सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृति वातावरणीय अध्ययन प्राप्त भए पश्चात सोहि क्षमताको लागि विद्युत उत्पादनको अनुमति पत्रको कारवाही अगाडि बढाइनेछ ।

(५) विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र जारी भएकै प्रबन्धकको नाममा विद्युत उत्पादनको अनुमति पत्र प्रदान गरिनेछ । तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र जारी भएको र निजले आफु समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमति पत्र जारी गर्न सकिने छ ।

(६) प्रबन्धकको माग हेरी आवश्यकता र औचित्यका आधारमा एकै पटक विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमति पत्र दिन सकिने छ ।

(७) विद्युत उत्पादनको अनुमति पत्र जारी भएको मितिले तीन वर्ष भित्र निर्माण सम्पन्न गर्नुपर्ने छ । अनुमति पत्र प्राप्त भएको एक वर्ष भित्र निर्माण शुरु नभएको पाइएमा उत्पादनको अनुमति पत्र रद्ध गर्न सकिने छ ।

(८) विद्युत उत्पादनको अनुमति तीस वर्षको रहनेछ। उक्त अवधि समाप्त भएपछि आयोजना चालु अवस्थामा नै गाउँपालिकालाई हस्तान्तरण गर्नुपर्ने छ ।

(९) आम्दनीको पांच प्रतिशत रोयल्टी गाउँपालिकालाई चौमासिक रुपमा बुझाउनु पर्ने छ ।

(१०) प्रति किलोवाट रु. १००/- एक सयका दरले इनर्जि शुल्क प्रति वर्ष बुझाउनु पर्ने छ ।

**२१. आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण :**

१. माथि जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति-पत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको यकिन गर्नको लागि कार्यालयले माग गरेको क्षेत्र खुलाई Technical Clearance सम्बन्धमा दिएको राय एवं निर्देशन अनुसार मात्र कार्यालयले अनुमति-पत्र सम्बन्धी कारवाही आगाडि बढाउने छ ।

२. कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगका लागि विभागमा अनुरोध गर्न सक्ने छ ।

३. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा वातावरणीय परीक्षण प्रतिवेदन तयारी तथा स्वीकृत गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विद्युत विकास विभागबाट आवश्यक सहयोग लिन सकिने छ ।

## परिच्छेद-५

## पानीको मुहान सम्बन्धी व्यवस्था

**२२. पानीको मुहान सम्बन्धी व्यवस्था :** (१) बौदीकाली गाउँपालिका क्षेत्र भित्र रहेका पानीको मुहानको अनुमति वा स्वीकृति विना कुनै पनि आयोजना सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) मा उल्लेख गरिएको पानीको मुहान सम्बन्धमा साविकदेखि सञ्चालन हुँदै आएको रहेछ भने पनि गाउँपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्ने छ। यदि नलिएमा गाउँपालिकाले संचालनमा रोक लगाउनमा सक्ने छ ।

(३) नदी, खोला र खोल्साबाट बग्ने पानी, कुनै व्यापार व्यवसाय सञ्चालन गर्नका लागि देहाय बमोजिमको अनुमति वा स्वीकृति लिएर मात्र आयोजना सञ्चालन गर्न पाउनेछ । यदि अनुमति नलिई गरेमा गाउँपालिकाले रोक लगाउन सक्ने छ ।

(क) बौदीकाली गाउँपालिका क्षेत्र भित्रका जलस्रोतको सम्बन्धमा जल उपयोग व्यवस्था समिति सरोकारवाला समितिको राय सुझावका आधारमा गाउँपालिकाले संरक्षण र संबर्द्धन गर्नेछ र उक्त समितिहरुको सिफारिसमा मात्र अनुमति वा स्वीकृति दिइनेछ ।

(ख) बौदीकाली गाउँपालिका क्षेत्र भित्र रहेका जलाधारहरुलाई व्यवस्थित गरी उपयोग गर्न गाउँपालिकाको अधीनमा रहनेछ । संघ र प्रदेशका निम्ति आवश्यक परेमा सम्बन्धित वडा र गाउँपालिकाको सहमति लिएर मात्र परियोजना सञ्चालन गर्न सक्ने छ ।

(ग) पानीबाट सञ्चालन हुने उद्योग, कृषि व्यवसायका लागि भए समय समयमा गाउँपालिकाको गाउँसभाने तोकिए बमोजिमको कर वा शुल्क लगाउन सक्ने छ ।

(घ) पानीको मुहान भएको ठाउँ व्यक्ति विशेषको जग्गामा भए पनि गाउँपालिकाको अधीनमा हुने छ ।

(ङ) साविकदेखि चलिरहेको पानी घट्टा, कुलो, नाला, पिउने पानीको सम्बन्धमा कुनै कर लागाइने छैन । कसैले व्यापार व्यवसाय गरे वापत गाउँपालिकाले निर्धारण गरे बमोजिम कर वा शुल्क लाग्ने छ ।

(च) समुदाय, उपभोक्ता, व्यक्ति विशेष वा कम्पनी वा संस्थाले पानीको मुहानबाट पानी लैजानका लागि गाउँपालिकाको स्वीकृति नलिई लैजान पाइने छैन। यदि बिना अनुमति लगेको पाईएमा गाउँपालिकाले रोक लगाउन सक्ने छ।

(छ) पानीबाट उत्पादन हुने उर्जा, व्यवसायिक खानेपानी (मिनरल वाटर), व्यवसायिक माछापालन, कृषि व्यवसाय तथा अन्य कृषिजन्य खेती लगायतका कार्य गर्न गाउँपालिकाको स्वीकृति लिएर मात्र उद्योग तथा व्यवसाय सञ्चालन गर्न सक्ने छ ।

२३. **सम्झौता** : बौदीकाली गाउँपालिकाको सम्बन्धित वडा कार्यालयले जलस्रोत सम्बन्धी विषयमा सम्झौता गर्नुपनका कारण सहित गाउँ कार्यपालिका समक्ष सिफारिस गरी पठाउनु पर्ने छ र गाउँ कार्यपालिकाले समेत स्थानीय वासिन्दाको हितमा छ छैन सोको अध्ययन गरी सम्बन्धित वडा अध्यक्ष र सरोकार समितिको रोहवरमा गाउँपालिकाको अध्यक्षले दुई पक्ष बिच सम्झौता गर्न सक्नेछ ।

**२४. अनुमति रद्ध हुने अवस्था :**

गाउँपालिकाले दिएको अनुमति बमोजिम काम नगरेमा, एक वर्ष भित्र निर्माण कार्य सुरु नगरेमा, बुझाउनु पर्ने रोयल्टी बुझाएमा प्रचलित कानुनको उल्लंघन गरेमा अनुमती पत्र रद्ध गर्न सक्ने छ ।

**२५. दण्ड सजायको व्यवस्था :**

(१) गाउँपालिकाले कुनै पनि कम्पनी, फर्म, र व्यक्तिले गैरकानुनी उद्योग, व्यवसाय संचालन गर्न पाउने छैन । यदि गरेको पाइएमा कानुन बमोजिम कारवाही गरीनेछ र उक्त कम्पनी, फर्म, र व्यक्तिलाई कालो सूचीमा समेत राख्न सक्ने छ ।

**२६. संशोधन :** (१) यस ऐनलाई संशोधन गर्न आवश्यक ठानिएमा गाउँसभाले संशोधन गर्न सक्ने छ ।

**२७. खारेजी र बचाऊ :**

(१) एक मेगावटसम्मको जल विद्युत अनुमति पत्र उपलब्ध गराउने गरी गाउँपालिकाले सम्पादन हाल सम्म सम्पादन गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ। यदि प्रदेश र संघको कानुनसँग बाझिएमा बाझिएको हदसम्म कानुन बमोजिम हुने छ ।

**अनुसूची-१**

**(दफा १४ को उपदफा (३) बमोजिम)**

मितिः............................

श्रीमान प्रमुख ज्यू,
बौदीकाली गाउँपालिका, नवलपरासी (पूर्व) ।

विषय :................................ जल विद्युत आयोजना (........कि.बा.) को विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र (संख्या :विद्युत विकास विभाग) ..............बि.उ.स...................... को म्याद थप र नवीकरण तथा ............... ...................... ................. ................ सम्बन्धमा ।

उपर्युक्त अनुमति पत्र म्याद यही मिति ......................  मा समाप्त हुने भएको र कायम अवधिमा सम्पूर्ण कार्य समाप्त हुन नसकेकोले बाँकी कार्य सम्पन्न गर्नको लागि संलग्न तालिका सहित सो को म्याद.............. सम्म थप हुन तथा ........................................................................................................... ......................... .................................. .................... ........................ ...................... .... ........................................................... ....... को लागि आवश्यक दस्तुर र निर्दिष्ट विवरण सहित दरखास्त गर्दछु/गर्दछौं ।

साथै म/हामी यो प्रतिबद्धता गर्दछु गर्दछौं कि संलग्न फारममा उल्लेख भए अनुसारका सबै विवरण हरु सत्य तथ्यमा आधारित छन् र संलग्न कार्यतालिका अनुसारका कार्यहरु आगामी वर्ष सम्पन्न गरिने छन् । यदि संलग्न विवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्यतालिका अनुसार उल्लेख्य प्रगति गर्न नसकेमा प्रचलित कानुन तथा अनुमति पत्रका (म्याद थप हुँदाका समेता सर्तहरु अनुसार अनुमति पत्र रद्दसम्मको कारबाही हुन गएमा मेरो/ हाम्रो कुनै गुनासो छैन ।

**निवेदक वा अख्तियार प्राप्त व्यक्तिको**

हस्ताक्षर ...................... कम्पनीको छाप

नाम ................................

नोटः प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको दस्तखत र कम्पनीको हकमा छाप समेत हुनु अनिवार्य छ। विवरणहरु यही ढाँचामा सफा टाइप गरिएको हुनु पर्ने छ ।

**प्रमाणीकरण मिति :** २०८०/०३/२७

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका